७ खेलकुद कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
८. नगर स्तरीय गौरवका योजनाहरुको सम्भावयता अध्ययनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
९. यस नगर क्षेत्रभित्रका प्रत्येक कार्यालहरुमा इन्टरनेट विस्तारका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

**अव म यस नगरपालिकाका गत आ.व.को आर्थिक विवरण प्रस्तुत गर्न गईरहे छु :**

गत आ.व. २०७८।०७९ मा प्राप्त भएको कुल बजेट रु. ६२ करोड ९४ लाख १४ हजार मध्ये चालु खर्च तर्फ रु. ३१ करोड ९५ लाख ९५ हजार मध्ये रु. २६ करोड २६ लाख ७५ हजार खर्च ( ८२ प्रतिशत) र पुंजिगत वजेट को जम्मा रु. ३० करोड ९८ लाख १९ हजार विनियोजन भएकोमा खर्च रु. १७ करोड २६ लाख ५१ हजार (खर्च ५५ प्रतिशत) भएको थियो । चालु आ.व. २०७९।०८० मा कुल बजेट रु.७३ करोड ९ लाख १७ हजार रहेकोमा चालु खर्च तर्फ रु. ३८ करोड २६ लाख ९५ हजार विनियोजन मध्ये १७ करोड ८९ लाख २० हजार (खर्च ४६ प्रतिशत) र पुजिगत खर्च तर्फ रु. ३४ करोड ८२ लाख २१ हजार विज़ियोजन मध्ये ५ करोड ७७ लाख ३५ हजार (खर्च १६ प्रतिशत) भएको अवस्था छ।

**अब म, यस नगर पालिकाको आर्थिक वर्ष २०८०।८१ को आय व्ययको विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।**

यस आ.व. २०८०।८१ को लागि नेपाल सरकारबाट प्राप्त वित्तिय समानुकरण अनुदान रु. १२ करोड ५६ लाख , नेपाल सरकार सर्शत अनुदान रु.१६करोड ८९ लाख , नेपाल सरकार विशेष अनुदान १ करोड ५० लाख, नेपाल सरकार समपुरक अनुदान रु ८० लाख , नेपाल सरकार राज्श्व बाँडफाँड ९ करोड ७४ लाख ७७ हजार ,प्रदेश सरकार वित्तीय समानीकरण रु. ९२ लाख ७२ हजार , प्रदेश सरकार शशर्त अनुदान रु. १ करोड, प्रदेश सरकार समपुरक अनुदान रु.२० लाख , प्रदेश सरकार विशेष अनुदान रु. ३० लाख , प्रदेश सरकार राजश्व वाँडफाँड रु. ७० लाख आन्तरिक आय रु. ३ करोड १० लाख, गत मौज्दात रु. ७ करोड , सडक बोर्ड नेपालको रु. २५ लाख, युनिसेफको कार्यकम रु. १० लाख , सामाजिक सुरक्षा रु. ११ करोड ३२ लाख ५० हजार, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यकम रु. ५ लाख ,लागत सहभागिता रु १ करोड ५० लाख , मालपोत कार्यालयबाट रु.६८ लाख गरी कुल रु. ६८ करोड ९२ लाख ९९ हजार आयको अनुमान पेश गरेको छु।

क्षिरेश्वरनाथ नगरपालिकाको कुल आय मध्ये नगरकार्यपालिकाको प्रशासनिक र कार्यकम खर्च, विद्यालय र स्वास्थ्य संस्थाको प्रशासनिक र कार्यकम खर्च एवं सामाजिक सुरक्षा भत्ता, अन्य निकायबाट चालु प्रकृतिको वजेट गरी कुल चालु खर्च तर्फ रु. ३८ करोड ६० लाख र कुल अनुमानित आयबाट कुल चालु खर्च विनियोजन पश्चात बाँकी रहेको रकमबाट भौतिक पूर्वाधारको लागि क्षिरेश्वरनाथ नगरपालिकाको प्रत्येक वडालाई ८० लाखको दरले जम्मा रु. ८ करोड र क्रमागत वडा स्तरीय योजना को जम्मा रु. ५ करोड बाट वडा समितिले नगरपालिकाबाट पठाईएको आधारमा वडा तहमै गर्ने व्यवस्था को लागि जम्मा रु. १३ करोड मिलाएको छु । वडा तहबाट प्राप्त भएका नगर स्तरीय योजनाहरुको लागि २ करोड र अन्य नगर स्तरीय योजनाहरु तथा कार्यक्रमका लागि १३ करोड, शिक्षा क्षेत्र विकास कार्यकमको लागि ५० लाख, स्वास्थ्य क्षेत्र विकास कार्यकम ७२ लाख कृषि विकास कार्यकममा ५० लाख, पशु विकास कार्यकमको २० लाख, महिला विकास तर्फ १० लाख, सडक बोर्डको २५ लाख, PLGCP को ५ लाख, गरि पूंजिगत खर्च तर्फ रु. ३० करोड ३२ लाख ९९ हजार गरी कुल रु. ६८ करोड ९२ लाख ९९ हजार व्यय अनुमान प्रस्तुत गरेको छु।

प्रस्तुत् बजेट तर्जुमा गर्न मार्ग निर्देशन गर्ने सम्पूर्ण राजनितिक दलका पदाधिकारीहरु ज्यू, निजि क्षेत्र तथा विकास साझेदार संस्थाका महानुभावहरु, वडा अध्यक्ष ज्यूहरु, नगरकार्यपालिका सदस्य ज्यूहरु नगर सभाका सदस्य ज्यूहरु, राष्ट्र सेवक कर्मचारीहरु बुद्धिजिविहरु, आदरणीय नगरवासीहरु सबैमा धन्यवाद ज्ञापन गर्दछु।

१० अषाढ, २०८०

...............

...............

क्षीरेश्वरनाथ नगरपालिका महेन्द्रनगर धनुषा
मधेस प्रदेश